आज मिति **२०७७ साल पौष १४** गते मंगलवारवारका दिन नेपालको संविधानको धारा २१६ अनुसार गठित खडक नगरपालिका नगरकार्यपालिकाको वैठक, नगरपालिकाका नगरप्रमुख श्री हेमायु हक ज्युको अध्यक्षतामा उप-प्रमुख ज्यू, तथा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी तपसिल वमोजिम निर्णय गरियो ।

## उपस्थिति

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री हेमायु हक | |
| २ | उप-प्रमुख | श्री यासमिन सुलतान | |
| ३ | वडा अध्यक्ष | श्री सिंहेश्वर मण्डल | |
| ४ | वडा अध्यक्ष | श्री राम अवतार साह | |
| ५ | वडा अध्यक्ष | श्री गमकलाल चौधरी | |
| ६ | वडा अध्यक्ष | श्री गंगाराम चौधरी | |
| ७ | वडा अध्यक्ष | श्री विजय कुमार साह | |
| ८ | वडा अध्यक्ष | श्री भगवति प्रसाद चौधरी | |
| ९ | वडा अध्यक्ष | श्री राकेश कुमार साह | |
| १० | वडा अध्यक्ष | श्री मो. ईसराईल मिया | |
| ११ | वडा अध्यक्ष | श्री मो. ईफ्फारुल मिया | |
| १२ | वडा अध्यक्ष | श्री राजेन्द्र प्रसाद चौधरी | |
| १३ | वडा अध्यक्ष | श्री रामकृष्ण चौधरी | |
| १४ | नगरकार्यपालिका सदस्य | श्री परियागी कुमारी चौधरी | |
| १५ | नगरकार्यपालिका सदस्य | श्री जतरी देवी सरदार | |
| १६ | नगरकार्यपालिका सदस्य | श्री सिया देवी मंडल | |
| १७ | नगरकार्यपालिका सदस्य | श्री जलेश्वरी देवी मंडल | |
| १८ | नगरकार्यपालिका सदस्य | श्री प्रमिला देवी मोची | |
| १९ | नगरकार्यपालिका सदस्य | श्री श्याम नन्दन चौधरी | |
| २० | नगरकार्यपालिका सदस्य | श्री विसुन साह | |
| २१ | नगरकार्यपालिका सदस्य | श्री सुर्य नारायण दास गडेरी | |
| २२ | सदस्य सचिव (प्र.प्र.अ.) | श्री राम नारायण साह | |

## आमन्त्रित

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रशासकीय अधिकृत छैठौं | श्री रामाकान्त चौधरी | |
| २ | सूचना प्रविधि अधिकृत | श्री मनोज कुमार साह | |
| ३ | लेखा सहायक पाचौं | श्री प्रमोद कुमर साह | |
| ४ | विकास सहजकर्ता | श्री अमर कुमार यादव | |
| ५ | | | |

राम नारायण साह
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु :**

१. सवल नेपालद्धारा हाते कल तथा शौचालय निर्माणको लागि सहयोग सम्बन्धमा ।

२. जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमणको लागि वजेट व्यवस्थापन सम्बन्धमा ।

३. खडक न.पा. ११ मा सहायक कम्प्युटर अपरेटर राख्ने सम्बन्धमा ।

४. अमिनको फिल्ड चेक जाँचको फिल्ड भत्ता सम्बन्धमा ।

५. थप योजना तथा कार्यकम संसोधन सम्बन्धमा ।

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल हुँदा सवल नेपालको च.नं. ६१ मिति २०७७/०९/१२ गतेको पत्रानुसार एस.एन.भि.नेपालको सहयोगमा तथा खडक नगरपालिकाको समन्वयमा सवल नेपाल द्धारा यस नगरपालिका भित्र संचालनमा रहेको बास एसडिजि कार्यक्रम अन्तर्गत यस नगरपालिकामा रहेका विभिन्न विद्यालयहरुमा खानेपानी तथा सरसफाईको सुविधाको लागि हाते कल तथा शौचालयको निर्माण तथा पुर्ननिर्माण हुदै आएकोमा श्री रा.प्रा.वि.भदियामा नयाँ शौचालय निर्माणका लागि डिजाईन स्टीमेट अनुसार ६ लाख ५० हजार मा बन्ने भएको हुदाँ एस.एन.भि.को सहयोगमा मात्र ४ लाख छुट्याएकोले स्टीमेट अनुसारको कामको लागि अपुग रकम रु. २ लाख ५० हजार यस नगरपालिकाको सम्पूरक अन्तर निकाय समन्वय कोषबाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल हुँदा यस खडक नगरपालिकाको सम्पूर्ण जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको भ्रमणको लागि गत आ.व.को अल्या बजेट बाँडफाँड बाकी रहेको पुँजीगत विविध खर्चमा विनियोजित बजेट रु. १४,०८,०००।०० मध्ये बाट रु.४,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल हुँदा खडक न.पा.वडा नं. ११ को कार्यालयमा सहायक कम्प्युटर अपरेटर नरहेको हुदाँ दैनिक कार्य सम्पादन गर्नको लागि समस्या भईरहेको हुनाले हाल वडा कार्यालयमा सहयोगीको रुपमा कार्य गर्दै आईरहेका विन्देश्वर रामका छोरा ना.प्र.नं. ८०६७ जारी मिति २०५७/११/०२ भएका सुरेन्द्र राम लाई डोर हाजिरीमा **प्रति दिन रु २७५।०० (अक्षरेपी रु दुई सय पचहतरी मात्र)** पाउने गरी मिति २०७७।०९।१७ गते देखि लागु हुने गरी २०७८ असाढ मसान्त सम्मको लागि भर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

प्रस्ताव नं. ४ माथि छलफल हुँदा यस न.पा.को स्वीकृत अर्थिक ऐन, २०७७ वमोजिम अमिन फिल्ड चेक जाँचको दस्तुर प्रति कित्ता वापत उठेको राजश्व मध्येवाट २५% रकम मिति २०७७।०९।१७ गते देखि लागु हुने गरी कार्यप्रगति प्रतिवेदन अनुसार न.पा.मा कार्यरत अमिनलाई फिल्ड भत्ता वापत भुक्तानी गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ५ :**

प्रस्ताव नं. ५ माथि छलफल हुँदा आ.व. ०७७।७८ को छैठौ नगर सभावाट स्वीकृत विनियोजन ऐन, २०७७ को अनुसुची ६ मा विनियोजित योजना तथा कार्यकमहरुलाई तपशिल वमोजिम संशोधन गर्ने र अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपशिल:**

| सि.नं. | स्वीकृत विनियोजित योजना | स्वीकृत रकम रु | संशोधित योजना | संसोधित रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषकहरुलाई मल खाद्य २५% अनुदानमा वितरण | ५०,००,०००।०० | कृषकहरुकोलाई मल खाद्य खरिद तथा वितरण १००% अनुदानमा | ५०,००,०००।०० | नगरपालिका क्षेत्र |
| २ | कल्याणपुर वनौली सडकको कल्याणपुर चौक देखि दक्षिण सडकको कालो पत्रे/पिच र सडकको दुवै पटि पक्की नाला निर्माण गर्ने काम | ८०,००,०००।०० | कल्याणपुर वनौली सडकको कल्याणपुर चौक देखि दक्षिण सडकको कालो पत्रे/पिच गर्ने काम | ८०,००,०००।०० | नगरपालिका क्षेत्र |
| ४ | अपाङ्ग सवलिकरण तथा व्हील चेयर वितरण | ४०००००।०० | अपाङ्गहरुको व्हील चेयर तथा अन्य सामग्री वितरण | ४०००००।०० | नगरपालिका क्षेत्र |

राम नारायण साह
प्रमुख प्रशासकीय अधिकृत



नगर कार्यपालिका को कार्यालय
कल्याणपुर, सप्तरी
प्रदेश नं. २, नेपाल